**Punyawati Journal**
Volume 1, 2025
ISSN: 3059-9652 (Print), 3059-9660 (Online)

# पनौती भालेश्वर महादेव मन्दिर : एक अध्ययन एवं विश्लेषण

**परशुराम अधिकारी[१]*, माया अधिकारी[२]**

*१. सहायक प्राध्यापक, इन्द्रेश्वर क्याम्पस*

*२. शिक्षक, काठमाडौं युनिभर्सिटि हाइ स्कुल*

## सार

काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत पर्ने पनौती धार्मिक महत्व बोकेको तपोभूमि हो । पनौती कलाँती भूमिडाँडामा अवस्थित भालेश्वर महादेव मन्दिर पनि एक महत्वपूर्ण शक्तिपीठ हो । त्यसैले यस लेखमा भालेश्वर मन्दिरको वर्तमान अवस्था, मन्दिरको ऐतिहासिक धार्मिक सांस्कृतिक एवम् आर्थिक पक्षलाई केलाउने प्रयास गरिएको छ । यसका अतिरिक्त मन्दिरको संरक्षणमा स्थानीय व्यक्ति र सरोकारवाला निकायहरूको भूमिकालाई समेत प्रस्ट्याउने कोसिस गरिएको छ । यसका लागि गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । आवश्यक तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन र सरोकारवाला स्थानीय जानकारहरू लगायत तीर्थालु भक्तजनसँग अन्तर्वार्ता लिइएको छ । द्वितीय स्रोतका रुपमा विभिन्न सन्दर्भ पुस्तक, पत्रपत्रिकालाई उपयोग गरिएको छ संकलित तथ्याङ्कलाई केलाउँदा झण्डै २०० वर्षभन्दा पुरानो पौराणिक महत्व बोकेको वास्तविक भालेश्वर मन्दिर यही नै हो भन्न सकिन्छ । त्यसैले यस मन्दिर परिसरमा गरिने धार्मिक तथा सांस्कृतिक गतिविधिहरूलाई स्थानीय जीविकोपार्जनसँग जोड्नु आवश्यक छ । मन्दिरको संरक्षण र प्रचारप्रसारका लागि भालेश्वर संरक्षण एवं विकास समिति बनाई मन्दिरको व्यवस्थापनमा लाग्नुपर्ने देखिन्छ । त्यस्तै स्थानीय सरोकारवाला निकायहरूले समेत उल्लेखनीय भूमिका निर्वाह गर्नु आवश्यक छ ।

**शब्दकुञ्जी:** पनौती, भालेश्वर, रोशी, धार्मिक पक्ष, सांस्कृतिक पक्ष, आर्थिक पक्ष

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 8 December, 2024 | 28 January, 2025 | 11 January, 2025 |

*Corresponding author: P. Adhikari (parshu@kuhs.edu.np), M. Adhikari (maya@kuhs.edu.np)

© Authors; Published by Punyawati Journal and peer-review under the responsibility of Indeshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १· विषय प्रवेश

काठमाडौं उपत्यकाबाट करिव ३५ कि.मि को दूरीमा अवस्थित पनौती भौगोलिक रुपमा सानो उपत्यकाको रुपमा रहेको छ। पनौती धार्मिक एवं पौराणिक महत्व बोकेको एउटै ढुङ्गामाथि अवस्थित स्थानका रुपमा परिचित छ । महाभारत कालमा पनौती क्षेत्रमा पाँच पाण्डवहरूले वनवास बसेको किंवदन्ती पाइन्छ भने पाँचपाण्डव पत्नी द्रौपदीको नाममा द्रोपदा मन्दिर यसै क्षेत्रमा रहेको छ (लाकोजू, २०६५)। त्यस्तै नमोबुद्धको जन्म पनि पनौतीमै भएको थियो। समग्रमा पनौती जात्रा, पर्व, कलाकौशल, किंवदन्ती, ऐतिहासिकता प्राचीनता र संस्कृतिले सुसम्पन्न प्रसिद्ध पावन तपोभूमि हो। पौराणिक महत्व बोकेको पवित्र तपोभूमि पनौती देवी देवताको वास रहेको पावन क्षेत्र पनि हो। प्राचीन नाम पाञ्चाल रहेको प्राचीनता बोकेको पनौतीमा लिच्छवीकालीन राजा मानदेवदेखि आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले यात्रा गरेको कुरा इतिहासमा उल्लेख गरेको भेटिन्छ । देवमाला वंशावलीमा उल्लेख भएअनुसार राजा आनन्ददेवले छरिएका ससाना गाउँहरूलाई जोडेर पनौती निर्माण गरेको कुरा उल्लेख गरिएको पाइन्छ। नेपालको एकीकरणकर्ता राजा पृथ्वीनारायण शाहले वि.सं १८२० कार्तिक ११ गते सोमबार पनौतीलाई आफ्नो कब्जामा लिएका थिए (भण्डारी, २०२६) । यहाँ प्राचीन र मध्यकालीन काष्ठकला र मूर्तिकलाले सजिएका मठमन्दिरहरू समेत प्रशस्तै रहेका छन्।

हाल विश्वसम्पदा सूचीमा सूचीकृत हुने प्रक्रियामा रहेको पनौती सांस्कृतिक स्मारक क्षेत्रका रुपमा पनि चिनिन्छ । प्रशासनिक रुपमा गाउँ पञ्चायत, गाउँ विकास समिति हुँदै २०५३ सालमा पनौती आसपासका ६ ओटा गा.वि.स. लाई मिलाएर पनौती नगरपालिका बनेको थियो। त्यस्तै २०७२ सालको संविधान जारी भएपछि रयाले, कुशादेवी, कलाँती भूमिडाँडा, बल्थली, शारदा बतासेको ३,४,९ र शंखुपाटी चौरको ४ नं वडा समेत जोडेर पनौती नगरपालिका पुनसंरचित भएको थियो । पनौती समुद्रसतहबाट करिव १४०० मिटरको उचाइमा रहेको छ। महाभारत पर्वत शृङ्खलाको काखमा रहेको पनौतीमा समशीतोष्ण हावापानी पाइन्छ। प्राकृतिक स्रोत साधनले सम्पन्न मानिने पनौती क्षेत्र उर्वर खेतीयोग्य जमिन, जल र जङ्गलले सुशोभित छ। धार्मिक सांस्कृतिक र पर्यटकीय सम्भावनाले भरिएको पनौतीमा रोशी खोलाको पानीबाट २०२१ सालमा पनौती जलविद्युत् गृहको निर्माण भई २४०० किलोवाट क्षमताको विद्युत्समेत उत्पादन भईरहेको छ । हाल पनौतीले सानो पुरानो सहरलाई मात्र नबुझाएर ग्रामीण वस्तीले समेटेको ठूलो भूगोललाई बुझाउँछ तर पुण्यमाता र रोशी खोलाको नदीकिनारको दोभानमा रहेको पुरानो वस्तीलाई खास पनौतीका रुपमा चिनिन्छ।

ग्रामीण क्षेत्र अधिक भएकोले पनौती नगरपालिकामा घना जनसङ्ख्या छैन । २०७८ सालको जनगणनाअनुसार पनौती नगरपालिकामा ५६,३२९ जनसङ्ख्या रहेको छ। यस नगरपालिकाभित्र अन्य जातिको सङ्ख्या कम भए पनि ब्राम्हण, क्षेत्री, नेवार र तामाङ जातिको बाहुल्यता रहेको छ। पनौती खासगरी यहाँको प्राचीनता, कलाकौशल, ऐतिहासिकता, जात्रापर्व र संस्कृतिले प्रसिद्ध छ । १२ वर्षे मकरमेला जस्ता मेला र देवनाच जस्ता अनेकौं नाचले प्रसिद्ध छ। यहाँका मानिसहरू जीवन निर्वाहाका लागि कृषि, व्यापार, सरकारी तथा गैरसरकारी क्षेत्रहरू लगयत वैदेसिक रोजगारलगायत नोकरीमा आबद्ध छन्।

## २. स्थानीय मन्दिरहरू

पनौती नगरपालिकाका १२ ओटै वडाहरूमा विभिन्न मठ मन्दिरहरू रहेका छन् (पनौती नगरपालिका, ०८०/०८१)। यहाँको वडा नं १ मा फुल्चोकी मन्दिर, वाघभैरव मन्दिर, छ्योलिङ गुम्वा रहेका छन्। त्यस्तै वडा नं २ मा कुशादेवी मन्दिर, बैरामहादेव मन्दिर, कृष्ण मन्दिर र उत्पत्तेश्वर महादेव मन्दिर रहेका छन्। त्यस्तै वडा नं ३ को पुछारीमा पशुपति मन्दिर र गौखुरेश्वर मन्दिर छन्। यसैगरी वडा नं ४ मा भीमसेन मन्दिर, पशुपति मन्दिर, संसारीदेवी मन्दिर, इच्छेश्वर महादेव मन्दिर, महाँकाल मन्दिर रहेका छन्। त्यस्तै वडा नं ५ मा प्रसिद्ध धनेश्वर महादेव मन्दिर, धनेश्वर, श्वेत गणेश मन्दिर, चौकोट, जलेश्वर मन्दिर, चौकोट, कालीदेवी मन्दिर, चौकोट, विन्धवासिनी धाम मन्दिर, नैकिन्टार, मुक्तिनाथ मन्दिर, बाँसघारी, सेतीदेवी मन्दिर, बाँसघारी, महाकाली मन्दिर नैकिन्टार रहेका छन्। त्यस्तैवडा नं ६ मा गोरखनाथ मन्दिर, ब्रह्मायणी मन्दिर र सप्तऋषि मन्दिर रहेका छन्।

यसैगरी ७ नं वडा प्राचीन पनौती सहर भएको वडा हो। यस वडामा स्मारक क्षेत्रसमेत पर्दछ भने काष्ठकला, मूर्तिकला र वास्तुकलाको त्रिवेणीसमेत रहेको छ। यस वडामा प्राचीनता बोकेका अनेक मन्दिरहरू रहेका छन्। इन्द्रेश्वर महादेव मन्दिर यस वडाको सबैभन्दा आकर्षक र ठूलो मन्दिर हो भने अन्य मन्दिरहरूमा उन्मत्त भैरव, सूर्यनारायण, उमामहेश्वर, कृष्णनारायण, वंशगोपाल, विश्वेश्वर, लक्ष्मीनारायण, माधवनारायण, सत्यनारायण, पूर्णागिरिमहादेव, विश्वरुप, मत्स्यनारायण, सङ्कटा, केदारनाथ, बद्रीनाथ, मुक्तेश्वर, बासुकीनागराज, काठंगणेश, कार्यविनायक, जलविनायक,सूर्यविनायक, ब्रह्मायणी, मानेश्वरी, शीतलामाई, मच्छेनारायण, वत्सलादेवी लगायतका अन्य मन्दिरहरू रहेका छन्। यसैगरी वडा नं ८ मा महाँकाल मन्दिर, कालीदेवी मन्दिर, महालक्ष्मी मन्दिर, ज्वालामुखी मन्दिर, राधाकृष्ण मन्दिर, सिकारीदेवी र संसारीदेवी मन्दिर रहेका छन्।

यस्तै वडा नं ९ मा शारदादेवी मन्दिर, भीमसेन मन्दिर, भैरव मन्दिर, श्रीकृष्ण मन्दिर, संकटा मन्दिर, दुर्गा मन्दिर, जागेश्वर महादेव मन्दिर, बुढा माँहाकाल, पलाञ्चोक भगवती मन्दिर आदि महत्वपूर्ण मन्दिर रहेका छन्। यसैगरी वडा नं १० मा फडकेश्वर महादेव मन्दिर, डोलेश्वर महादेव मन्दिर, कमलादेवी, द्रौपदादेवी, कालिकादेवी, सहकाली, भुटनदेवी, कृष्ण मन्दिर, द्रोपदेश्वर महादेव मन्दिर, उर्गेन गुम्वा र मठहरू रहेका छन्। यस्तै वडा नं ११ बल्थलीमा १०८ फिट अग्लो त्रिशुल रहेको लडकेश्वर महादेव मन्दिर, कमलादेवी मन्दिर, काशी विश्वेश्वर मन्दिर, गणेशस्थान मन्दिर रहेका छन्। त्यस्तै वडा नं १२ कलाँती भूमिडाँडामा भालेश्वर महादेव मन्दिर र इन्द्रादेवी मन्दिर रहेका छन्।

स्थानीय मन्दिरहरूमध्ये धनेश्वर महादेव मन्दिर धनेश्वर, इन्द्रेश्वर महादेव मन्दिर पनौती, भालेश्वर महादेव मन्दिर कलाँती भूमेडाँडा रोशी बजार, लड्केश्वर महादेव मन्दिर बल्थलीले विशेष महत्व बोकेका छन्। खासखास जात्र पर्वहरूमा यी मन्दिरहरूमा धर्मावलम्वीहरूको विशेष घुइँचो लाग्ने गर्दछ। खास गरी तीज, धान्य पूर्णिमा, शिवरात्रि, हरिबोधनी एकादशी, बालाचतुर्दशी आदि पर्वहरूमा लाग्ने मेलाले यी मन्दिरहरूलाई विशेष बनाएको देखिन्छ। त्यसैले यस लेखमा यिनै विशेष मन्दिरहरूमध्ये भालेश्वर महादेव मन्दिरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा आर्थिकपक्षको अध्ययन एवं विश्लेषण गरिएको छ।

## ३ भालेश्वर महादेव मन्दिर

भालेश्वर महादेव मन्दिर पनौती बजारबाट साँढे २ कि.मि. को दूरीमा रहेको छ। यो मन्दिर महाभारत पर्वत श्रृङ्खलाको फुलचोकीको दायाँ र बायाँबाट आरम्भ हुने रोशी (रोस्मती) र लीलावती नदीको संगमस्थल सँगैको पहराबाट निस्कने सुखसरावती नदीको संगमस्थल त्रिवेणीमा अवस्थित छ । शास्त्रअनुसार दक्षप्रजापतिले आयोजना गरेको यज्ञमा आफ्ना पति महादेवलाई नबोलाएकोमा अपमानित महसुस गरी दक्षप्रजापतिकी छोरी सतीदेवीले यज्ञकुण्डमा हामफाली देह त्याग गरेपछि पत्नी वियोगमा विह्वल भएका महादेवले पत्नीलाई काँधमा बोकेर हिँड्ने क्रममा रोस्मती, लीलावती र सुखसरावती नदीको संगमस्थलमा पुग्दा सतीदेवीको निधार (भाल) पतन भएको भन्ने तथ्य हिमवत् खण्डको अध्याय ९८ र ९९ मा उल्लेख भएको छ (माधव जंगम, पुजारी)। यसै स्थानमा सतीदेवीको भाल पतन भएकोले भालेश्वर महादेव उत्पत्ति भएको चर्चा हिमवत् खण्डमा गरिएको छ।

किंवदन्तीअनुसार स्वर्गकी अप्सरा रम्भालाई सुमुख नामको गन्दर्भले कामवासनाले हेरेपछि रम्भा क्रोधित भई श्राप दिएपछि सुमुख श्रापका कारण स्वर्गबाट पृथ्वीमा खस्यो । सुमुख गन्दर्भ रोस्मती, लीलावती र सुखसरावती नदीको संगममा तपस्या गरिरहेका बेला गालब नामका ऋषिलाई भेटी श्रापबाट मुक्तिको याचना गऱ्यो । ऋषिले केही माथि थुम्कोमा भालेश्वर महादेवको शिवलिङ्गमा भक्तिपूर्वक नित्य पूजा गऱ्यौ भने महादेव प्रशन्न भई वरदान दिनुहुन्छ भनेपछि महादेवले दर्शन दिएर मुक्त गरेको चर्चा हिमवत् खण्डमा गरिएको पाइन्छ। यसरी सुमुख गन्दर्भले स्वच्छ भावले महादेवको तपस्या गरी आफ्नो इच्छा पूरा गरेको आधारमा भालेश्वर महादेवलाई स्वच्छ मनले निष्ठापूर्वक कामना गरेपछि मनले चिताएको पुग्छ भन्ने जनविश्वास आज पनि रहेको छ।

त्यस्तै जनश्रुति अनुसार एकदिन कुनै बटुवा भग्नावशेषमा पुरिएको शिवलिङ्गमाथि आगो बालेर खाना पकाउने क्रममा बटुवाको खाना पकाउन बसालेको भाँडो पटकपटक घोप्टिएपछि रिसले भात चलाउने पन्युँले भुईंमा हिर्काउँदा त्यस स्थानबाट रगत बगेपछि खनेर हेर्दा भालेश्वर महादेवको शिवलिङ्ग पत्ता लागेको भन्ने भनाइ रहेको छ । बटुवाले पन्युँले हानेकोले शिवलिङ्गको एकातिरको भाग काटिएको जस्तो देखिन्छ।

भालेश्वर महादेव मन्दिर शिखर शैलीमा निर्माण गरिएको छ। पुरानो भई भत्किएको भालेश्वर महादेव मन्दिर २०५६ सालमा इँटाबाट पुनर्निर्माण गरिएको छ। मन्दिरमा सेतो रङ पोतिएको छ भने मन्दिरको दुई भागमा सुनौलो रङ लगाइएको छ । तामाको गजुरमा सुनौलो रङ लगाइएको छ । तामाको छाना लगाइएको यस मन्दिरमा छानाको चार सुरबाट चार ओटा नाग जमिनतिर फर्काएर राखिएको छ । मन्दिरको पूर्वदिशामा हनुमान्‌को छाता ओढेको (अर्धकद) बसेको मूर्ति राखिएको छ। महादेव मन्दिरभित्र भालेश्वर महादेवको शिवलिङ्गका साथै तामाको चतुर्मुख पनि रहेको छ। साथमा गणेश, सरस्वती र हनुमानका मूर्तिहरू पनि मन्दिरभित्र रहेका छन् । मन्दिरका भित्तामा विष्णु र भैरवका आकृति देख्न सकिन्छ। मन्दिरको वरिपरि बत्ती बाल्न ढलोटका पाला राखिएको छ भने मन्दिरको मूलढोका अगाडि दुबैतिर सिँहका प्रस्तर मूर्ति राखिएका छन्।

भालेश्वर महादेव मन्दिरको मूल प्रवेशद्वार २०५७ सालमा निर्माण भएको हो । यो मूलद्वारबाट भित्र गएपछि भालेश्वर महादेव मन्दिर परिसरमा प्रवेश गरिन्छ । मन्दिरको प्राङ्गणमा पुगेपछि २०५६ सालमा पुनः निर्माण भएको भालेश्वर महादेव मन्दिर देखिन्छ । मन्दिरको प्राङ्गणमा ढुङ्गा छापिएको छ । मन्दिरको पूर्वपट्टी खरीको ठूलो वृक्ष छ भने यसै दिशामा पारिजात र रुद्राक्षका वृक्ष पनि रहेका छन् । मन्दिरको पूर्वी दिशामा तीर्थालुहरूले विश्राम लिनका लागि तीन ओटा प्रतीक्षालय निर्माण गरिएका छन् । मन्दिरको दक्षिण पश्चिम भागमा चार ओटा धर्मशाला र भजनपाटी रहेका छन् ।

भालेश्वर महादेव मन्दिरको उत्तर पश्चिम दिशामा गणेश र सरस्वतीको मन्दिर निर्माण गरिएको छ । मन्दिरको पश्चिमतर्फ कुण्ड छेवैमा ६४ ओटा शिवलिङ्ग स्थापना गरिएको छ । त्यसको नजिकै बूढानिलकण्ठ विष्णु भगवान्को मूर्ति पनि रहेको छ । भालेश्वर महादेव मन्दिरको पश्चिमतर्फ नै शिला र पित्तलको वसाहा मन्दिरतर्फ फर्की बसेका छन् । मन्दिरको यसै दिशामा २०७३ सालमा स्थानीय समाजसेवीबाट राधाकृष्णको मन्दिरसहित मूर्ति स्थापना गरिएको छ । मन्दिरको दक्षिण दिशामा भालेश्वर महादेव गुठी सञ्चालन गर्ने (जयन्त सिङ र हेमन्त सिङ) भक्तहरूको शिला राखिएको छ ।

## ४. अध्ययनको उद्देश्य

भालेश्वर महादेव मन्दिरको वर्तमान अवस्था लगायत ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् आर्थिक पक्षमा यस मन्दिरले पुऱ्याएको योगदान उजागर गर्नु यस लेखको मुख्य उद्देश्य हो । त्यस्तै यस मन्दिरको व्यवस्थापनमा रहँदै आएको स्थानीय समाजसेवी लगायत सरोकार पक्षको भूमिका विश्लेषण गर्नु पनि अध्ययनको उद्देश्य रहेको छ ।

## ५. अध्ययन विधि

प्रस्तुत लेखका लागि आवश्यक पर्ने सामग्रीको स्रोतका लागि गुणात्मक विधि अवलम्बन गरिएको छ (श्रेष्ठ, २०२२) । यस अन्तर्गत प्राथमिक स्रोतका रुपमा सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन (Creswell & Creswell, 2018) र मन्दिरसँग सरोकार राख्ने व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ (Mason, 2018)। त्यस्तै द्वितीय स्रोतका रुपमा पुस्तकहरू पत्रपत्रिकालगायतका सामग्रीहरू उपयोगमा ल्याइएको छ । यिनै उपलब्ध सामग्रीहरूका आधारमा लेखलाई वर्णनात्मक ढाँचामा विश्लेषण गरिएको छ ।

## ६. अध्ययनको नतिजा

### ६.१. ऐतिहासिक पक्ष

भालेश्वर महादेवको शिवलिङ्गले पौराणिक कालकै इतिहास बोकेको अनुमान गर्न सकिन्छ । दक्ष प्रजापतिको अपमान सहन नसकेर देह त्याग गरेकी सतीदेवीको शरीर बोकेर पृथ्वी भ्रमण गर्दा सतीदेवीको भाल अर्थात् निधार पतन भई भालेश्वर महादेव उत्पन्न भएको तथ्य हिमवत् खण्डमा उल्लेख भएको आधारमा भालेश्वर महादेवको ऐतिहासिकता बुझ्न सकिन्छ । त्यस्तै यात्राका क्रममा

यस स्थानमा बास बस्न पुगेका बटुवाहरूले खाना पकाउने क्रममा खाना बसालेको भाँडो घोप्टिएपछि रिसले पन्युँले हिर्काउँदा रगत निस्की सो पश्चात खनेर हेर्दा शिवलिङ्ग काटिएको जस्तो देखिएको भन्ने जनश्रुतिका आधारमा पनि प्राचीन र एकमात्र भालेश्वर महादेव यही नै हो भन्ने आधार पुग्छ । त्यस्तै मन्दिरको पुरानो संरचना हेर्दा मन्दिर करिव २ सय वर्ष पुरानो भएको अनुमान लगाउन सकिन्छ । स्वामी प्रपन्नाचार्य, माधव भट्ट जस्ता धार्मिक र आध्यात्मिक व्यक्तिहरूले दर्शन र पूजाआजा गरेको आधारमा पनि वास्तविक भालेश्वर मन्दिरको ऐतिहासिकता पुष्टि हुन्छ । भालेश्वर मन्दिर अन्यत्र पनि हुन सक्छन् तर १८१४ ताका निर्माण भएको आधारमा वास्तविक भालेश्वर मन्दिरको ऐतिहासिकतालाई पुष्टि गर्ने अर्को आधार हुन सक्छ । त्यसै गरी यस मन्दिरमा २०१५ सालदेखि निरन्तर साँझबिहानको नित्य पूजा गर्दै आएका पुजारीले वि.सं १८७१-०७९ तिर भालेश्वर महादेव मन्दिरको निर्माण भएको हुन सक्ने तर्क प्रश्तुत गरेका आधारमा पनि यो मन्दिरको प्राचीन ऐतिहासिकता झल्किन्छ ।

हाल भालेश्वर महादेव मन्दिरको नाउँमा करिव ४५ रोपनी जग्गाको गुठी व्यवस्था गरी नित्य पूजा चलाइँदै आएको छ । २०५४ सालमा पुरानो भएर भत्किएको यो मन्दिर २ वर्षपछि २०५६ सालमा स्थानीयवासीको अगुवाईमा सप्ताह लगाई सङ्कलित दान दक्षिणाका आधारमा मन्दिरमा तामाको छाना राखी रङरोगन गरेपछि आजको स्वरुपमा भालेश्वर महादेव मन्दिर रहेको छ । यसरी उल्लिखित किंवदन्ती, जनश्रुती र तिथिमितिका आधारमा भालेश्वर महादेव मन्दिर प्राचीन मन्दिर हो भन्ने आधार प्रस्तुत गर्न सकिन्छ ।

## ६.२ धार्मिक पक्ष

भालेश्वर महादेव एक पावन शक्तिपीठ हो । त्यसैले यहाँ पुग्ने हरेक तीर्थयात्री आफूले चाहेको इच्छा पूरा भएको धारणा व्यक्त गर्दछन् (Jain, 2016) । यस मन्दिरमा दर्शन र पूजाआजा गरेपछि मनले चाहेको इच्छा पूरा हुन्छ (Smith, 2016) भन्ने जनविश्वास समेत रहँदै आएको छ ।

धेरै ठाउँमा उपचार गर्दा पनि निको नभएको रोग भालेश्वर महादेवको दर्शन गरेपछि निको भएको कुरा अन्तर्वार्ताका क्रममा एकजना भक्तले बताए । त्यस्तै अचानक बोली बन्द भएर अनेक उपाय गर्दा पनि बोली नआपछि यस मन्दिरको दर्शन गरेको ३५ औं दिनमा अचानक बोली आएको र ६५ औं दिनदेखि निरन्तर पूर्ववत् बोल्न सकिरहेको भनेर अर्का भक्तले बताए । यसैगरी अन्तर्वार्ताकै क्रममा काठमाडौंका हिँड्न नसक्ने एक वृद्धले अरुको सहारामा यस मन्दिरको दर्शन गर्न आएको र मन्दिरभित्र प्रवेश गरेर अरुकै भरमा तीन पाइला हिँडेपछि विना साहारा पूर्ववत् हालसम्म आफैं हिँड्न सकेको कुरा अर्का तीर्थयात्रीले बताए ।

यसरी उल्लिखित घटनाका आधारमा भालेश्वर महादेव एक शक्तिपीठ हो । स्वच्छ मनले दर्शन पूजाआजा गरेपछि आफ्नो मनोकांक्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास आज पनि जीवन्त बनेर जनमानसमा रहेको छ ।

### ६.३ सांस्कृतिक पक्ष

त्रिवेणी गन्दर्भघाटसँगै भालेश्वर महादेव मन्दिर रहेकोले यसको सांस्कृतिक महत्व अझ ठूलो छ । सुखसरावती, रोशमती र लीलावती तीन वेणीको संगम स्थलमा त्रिवेणी घाट रहेको छ। सुमुख नामको गन्दर्भले तपस्या गरेको स्थान भएकोले यसलाई गन्दर्भ घाट पनि भनिन्छ। धार्मिक र सांस्कृतिक एकता वृद्धिमा भालेश्वर मन्दिरले योगदान गरेको छ । यहाँ सबैजात र धर्म सम्प्रदायका मानिसहरू दर्शनका लागि पुग्ने गरेको पाइन्छ । यस मन्दिरमा विशेषगरी शिवरात्रि, बालाचर्तुदशी, तीजमा भक्तजनको घुइँचो लाग्ने गर्दछ । माघ महिनामा त्रिवेणीमा मकर नुहाउने र भालेश्वर महादेवको पुजाआजा गर्ने कार्यमा महिनाभरी नै मानिसहरूको आवतजावत भइरहन्छ ।

यसै गरी श्रावण महिनामा पनि बोलबम तीर्थाटन गर्नेहरूको भिड लाग्ने गर्दछ भने श्रद्धालु भक्तजनहरू महिनाभरी नै मन्दिर धाइरहेका देखिन्छन् । आफ्ना पितृहरूका नाममा लाखबत्ती बाल्ने, रुद्री लगाउने जस्ता कार्य पनि मन्दिरमा हुने गरेको छ । कहिलेकाहीँ तीर्थ श्राद्ध गर्नेहरू पनि भेटिन्छन् । विवाह, व्रतबन्ध जस्ता संस्कारका लागि पनि मन्दिरमा भक्तजनहरू आउने गर्छन् । समग्रमा महिनामा चार पाँच ओटासम्म धार्मिक सांस्कृतिक अनुष्ठान हुने गरेको भनाइ मन्दिरका मुख्य पुजारीश्री माधव जंगमको रहेको छ । तसर्थ प्राचीन मठमन्दिरको अध्ययन गर्न चाहनेहरूका लागि भालेश्वर महादेव मन्दिर अध्ययनको विषयवस्तु पनि हुन सक्दछ ।

### ६.४. आर्थिक पक्ष

जहाँ मानिसहरूको आवागमन बढी हुन्छ त्यस ठाउँमा आर्थिक क्रियाकलाप पनि बढी नै हुने गर्दछन् । भालेश्वर महादेव मन्दिरमा पनि सांस्कृतिक, धार्मिक मेलापर्वहरूमा तीर्थालुहरूको भिडलाग्दा आर्थिक कारोवार र आर्थिक क्रियाकलापमा वृद्धि हुँदै गैरहेको देखिन्छ । तीर्थालुको विशेष आवागमन बढी हुने पर्वहरू जस्तो शिवरात्रि, तीज, श्रावण, माघ महिनामा लाग्ने मेलामा मन्दिर वरिपरि पुष्प व्यापारी र पूजासामग्री बेच्नेहरू भेटिन्छन् । बाहिरी मानिसहरूको आवतजावतले स्थानीय पसल तथा खाजाघरहरूमा आर्थिक क्रियाकलाप क्रमशः बृद्धि हुँदै गइरहेको छ । यस क्षेत्रमा हुने धार्मिक सांस्कृतिक पर्व केन्द्रित व्यापारलाई बढवा दिन मन्दिर नजिक व्यापारिक स्थलहरू निर्धारण गरेर स्थानीय व्यापारलाई प्रोत्साहन गर्नु पर्ने धारणा स्थानीय व्यापारीहरूको रहेको छ ।

मन्दिर वरिपरि धर्मशाला बनाएर तीर्थालुहरूलाई राख्न सकेमा अर्थ सङ्कलन गर्न सकिन्छ । आन्तरिक तीर्थपर्यटनलाई प्रवर्द्धन गर्न भालेश्वर महादेव मन्दिरलाई गन्तव्य स्थल बनाउन सकिन्छ । भालेश्वरलाई धार्मिक पर्यटन र योग पर्यटनसँग जोड्न सकेमा राम्रो आर्थिक उपार्जन गर्न सकिन्छ । भालेश्वर मन्दिर परिसरमा ध्यान केन्द्र स्थापना गर्ने हो भने साँझ विहान अझ धेरै भक्तहरूलाई मन्दिरसम्म ल्याउन सकिने विचार एक स्थानीय महिलाको रहेको छ । ध्यान पर्यटन, तीर्थ पर्यटन र योग पर्यटनले एकसाथ भालेश्वर मन्दिरलाई जोड्न सकियो भने स्थानीयको आर्थिक अवस्थामा सुधार ल्याउन सकिन्छे । स्थानीय उत्पादन कला र सिपलाई समेत विस्तार गर्न सकिन्छ । भालेश्वर मन्दिरमा आउने भक्तजनका

लागि अन्य पर्यटकीय पदमार्ग पहिल्याई प्राकृतिक सुन्दरताको समेत अवलोकन गराउन सकियो भने स्थानीयवासीको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने विचार स्थानीय समाजसेवीहरूको रहेको छ।

समग्रमा देवीदेवताले पाइला टेकेका धार्मिकस्थानहरूमा धार्मिक पर्यटन हुने गरेको (खतिवडा र दाहाल, २०६७) यस मन्दिरलाई पनि तीर्थयात्रीहरूको गन्तव्यस्थल बनाउन सकिन्छ।

## ६.५. मन्दिर व्यवस्थापनमा स्थानीयको भूमिका

स्थानीय स्तरमा रहेका धार्मिक सम्पदाहरूको संरक्षण गर्ने दायित्व स्थानीयहरूकै हो (Bhandari, 2012)। भालेश्वर महादेव मन्दिर आजसम्म स्थानीय नागरिकहरूकै रेखदेखमा संरक्षित छ। मन्दिरको पुनः निर्माणमा स्थानीयहरूकै सहभागितामूलक योगदान रहेको थियो। मन्दिर परिसरलाई थप आकर्षक बनाउन मन्दिर वरिपरि पाटी, धर्मशाला बनाउन २०६३, २०६७ र २०७५ सालमा मन्दिर परिसरमा सप्ताह महापुराण लगाइएको थियो । सो सप्ताह महापुराणमा सङ्कलित रकमबाट मन्दिर परिसरमा ढुङ्गा छाप्ने, रङरोगन गर्ने, पाटी धर्मशाला र प्रतीक्षालय बनाउने कार्य गरिएको थियो ।

जम्मा ३ जना गुठियारबाट १७ रुपैयाँ सङ्कलन गरी सुरु गरेको शिवरात्रि पर्व मनाउने परम्परा हाल ४५ सय रुपैयाँबाट शिवरात्रि पर्वसँग सम्बन्धित कार्य हुने गरेको छ। यो रकम एउटा पर्व चलाउन पनि अपुग छ । दैनिक पूजाआजाबाट मन्दिरमा खासै दक्षिणा सङ्कलन नहुने र सङ्कलन भएको दक्षिणाबाट दैनिक पूजासामग्री किन्न मात्र पुग्ने भएकाले मन्दिर संरक्षण र पूजापर्व चलाउन एउटा दिगो आम्दानीको स्रोत खोजी गर्नुपर्छ भन्ने धारणा एक स्थानीय शिक्षकको रहेको छ । गुठीको आम्दानीबाट मन्दिरको पूजापर्व चालाईंदै आएकोमा वर्तमान अवस्थामा यो रकम निकै अपुग भएको र भविष्यका लागि दिगो स्रोतको व्यवस्था गर्नुपर्ने धारणा एक गुठियारको रहेको छ। मन्दिरमा खानेपानी र व्यवस्थित शौचालयको अभाव रहेकोले तत्काल सो कार्यका लागि स्थानीयहरूले पहलकदमी लिनुपर्ने धारणा एक स्थानीय बौद्धिक व्यक्तिको रहेको छ।

मन्दिर परिसरको सरसफाइमा स्थानीय महिलाहरूले योगदान गर्न सक्छन् भने मन्दिरको पूजापर्व सञ्चालनमा मुठीदानको परम्परा सुरु गरी मन्दिरको आम्दानी बढाउन पनि स्थानीय महिलाहरूले योगदान दिन सक्छन् भन्ने विचार एक स्थानीय महिला शिक्षिकाको रहेको छ। मन्दिर नजिक रहेको कुण्ड र पुरातात्विक पाटीको पुनः निर्माणका लागि तथा समग्र भालेश्वर मन्दिरको सौन्दर्यीकरणका लागि जनश्रमदान एवं धार्मिक अनुष्ठानको आयोजना मार्फत आर्थिक स्रोत जुटाई मन्दिरको संरक्षण गर्न सकिने विचार निर्वाचित जनप्रतिनिधिको रहेको छ।

## ६.६. मन्दिर व्यवस्थापनमा सरोकार पक्षको भूमिका

मन्रिको व्यवस्थापन र संरक्षणको जिम्मेवारी मुख्यतया स्थानीयहरूकै हो । तथापि स्थानीयहरूको योगदानले मात्र महादेव मन्दिरको समग्र व्यवस्थापन र संरक्षण सम्भव देखिँदैन । स्थानीय वडा कार्यालयले खास पर्व मेला चलाउन र सामान्य भौतिक संरचना निर्माणमा निरन्तर रुपमा योगदान गर्दै आएको छ । त्यसमा पनि वडा कार्यालयले वार्षिक रुपमा निश्चित बजेट छुट्याएर नै मन्दिर

व्यवस्थापनमा लाग्नु पर्ने विचार पुजारीको रहेको छ । मन्दिरको समग्र व्यवस्थापनका लागि एउटा समिति बनाई समिति मार्फत कार्य गर्नु पर्ने विचारस्थानीय एक शिक्षकको रहेको छ । पनौती नगरपालिकाले आफ्नो क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक, पुरातात्विक हिसावले महत्वपूर्ण क्षेत्रलाई संरक्षणको दायरामा ल्यान थालेको भएता पनि भालेश्वर मन्दिरलाई विशेष प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । मन्दिर वरिपरि पाटी, धर्मशाला निर्माण र व्यवस्थापन गर्ने र मन्दिरको प्रचार प्रसार गरी धर्मिक पर्यटन प्रवर्द्धन गर्नु स्थानीय सरकारको दायित्व हो । वडा कार्यालयले मन्दिरका प्रचार प्रसारमा आर्थिक सहयोग गर्नुपर्ने विचार स्थानीय एक महिलाको रहेको छ । मन्दिर संरक्षण र व्यवस्थापनमा गुरुयोजना बनाउनु पर्ने विचार स्थानीय एक बुद्धिजीवीको रहेको छ। मन्दिर परिसरको पर्यावरणीय र भौतिक पूर्वाधारको निर्माण र संरक्षणमा स्थानीय सरकारले पहलकदमी लिनु पर्दछ । यसका अतिरिक्त भालेश्वर महादेव मन्दिरको ऐतिहासिक तथा पौराणिक पक्षलाई देशभर प्रचारप्रसार गर्न पुरातत्वविभाग, पर्यटन मन्त्रालय जस्ता निकायहरूले समेत चासो दिनु आवश्यक छ ।

अतः भालेश्वर महादेव मन्दिरको संरक्षण र व्यवस्थापनमा भालेश्वर संरक्षण एवं विकास समिति बनाई सो मार्फत स्थानीय नागरिक, नगरपालिका, वडा कार्यालय र राज्यका सम्बन्धित सरोकारवाला निकायहरू आआफ्नो ठाउँबाट लाग्नु पर्ने देखिन्छ ।

## ७ छलफल तथा निष्कर्ष

धार्मिक, पुरातात्विक, सास्कृतिक र ऐतिहासिक महत्व बोकेको पनौती हाल विश्वसम्पदा सूचिमा समावेश हुने प्रक्रियामा छ। पनौती पुण्यमाता खोला र रोशी खोलाको नदीकिनारमा एउटै चट्टानमाथि अवस्थित रहेको छ। धार्मिक युगका अनेक किंवदन्ती, जनश्रुतिका गाथा बोकेको पनौती आफैंमा पावन क्षेत्र पनि हो । माघ महिनाभर चल्ने १२ वर्षे मकरमेला, नमोबुद्धको जन्मस्थल, अनेक नाच,मठमन्दिर, कलासंस्कृतिले सम्पन्न पनौती अनेकौं देवीदेवताको वासस्थान भएको पवित्र भूमि हो ।

पनौती आसपासका स्थानीय मन्दिरहरू इन्द्रेश्वर महादेव, धनेश्वर महादेव, बाघ भैरव मन्दिर, कुशादेवी मन्दिर, गौखुरेश्वर मन्दिर, पशुपति मन्दिर, गोरखनाथ मन्दिर, फड्केश्वर महादेव मन्दिर, ज्वालमुखी मन्दिर, शारदादेवी मन्दिर, लड्केश्वर महादेव मन्दिर र भालेश्वर महादेव मन्दिर जस्ता अनेकौं मन्दिरले पनौतीको धार्मिक गरिमालाई बढाएको छ ।

यी मन्दिरहरूमध्ये महादेवको पाइला परेको भालेश्वर मन्दिर पनौती नगरपालिका वडा नं १२ रोसमती, लीलावती र सुखसरावती नदीको संगममा अवस्थित छ। सतीदेवीको भाल पतन भएर भालेश्वर भएको भन्ने चर्चा हिमवत् खण्डमा गरिएको छ। विभिन्न ऐतिहासिक तथ्य, किंवदन्ती र जनश्रुतीका आधारमा पुरानो र पौराणिक गाथा बोकेको भालेश्वर मन्दिर यसैलाई मान्न सकिन्छ । १८७१– १८७९ तिर निर्माण भई अस्तित्वमा आएको भालेश्वर मन्दिरमा शुद्ध र पवित्र मनले भक्ति गर्दा मनोकांक्षा पूरा भएका अनेक भनाइहरू पाइन्छन् ।

भालेश्वर मन्दिरमा विभिन्न धार्मिक सांस्कृतिक अनुष्ठानहरू लगाएर स्थानीयवासीको आर्थिक क्रियाकलापमा वृद्धि गर्नुका साथै मन्दिरको आम्दानीमा समेत बढोत्तरी गर्न सकिन्छ । मन्दिरको जात्रा

पर्व चलाउन र मन्दिरको संरक्षणका लागि दिगो आर्थिक स्रोतको खोजी गर्नुपर्ने देखिन्छ भने तत्काल भालेश्वर संरक्षण एवं विकास समिति बनाई कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ। मन्दिरको प्रचारप्रसार र संरक्षणका लागि गुरुयोजना बनाई भावी पुस्तालाई हस्तानन्तरण गर्नु आजका पुस्ताको कर्तव्य हो । यति मात्र होइन यहाँको ऐतिहासिक, पौराणिक र पुरातात्विक महत्वका संरचनाहरूको सरक्षणमा संस्कृति तथा पर्यटन मन्त्रालय,पुरातत्व विभाग लगायत स्थानीय सरोकारवालाहरूका विचमा सहकार्य हुन नितान्त आवश्यक छ।

## सन्दर्भ सामग्री

श्रेष्ठ, लक्ष्मण (२०२२). पोखराको भीमसेन मन्दिर,कला, वास्तुकला र गुठी व्यवस्था. हिस्टोरिया, भोल्युम १४, (६८–८२)

भण्डारी, ढुंडीराज (२०२६). नेपालको आलोचनात्मक इतिहास . बाबू साप्र शर्मा प्रकाशन

लाकोजू, सूर्यप्रसाद. (२०६५). पनौती. सविताकुमारी श्रेष्ठ प्रकाशन

पनौती नगरपालिकाको कार्यालय (२०७९). हाम्रो पनौती. (स्थानीय पाठ्यक्रम कक्षा ८. पनौती नगरपालिका प्रकाशन

पनौती नगरपालिकाको कार्यालय (२०८०/०८१). संस्कृति तथा पर्यटन.वार्षिक बजेटनीति तथा कार्यक्रम आ.व २०८०/०८१ (पृष्ठ ३–४)

खतिलडा, डा.सोमप्रसाद, दाहाल, डा.कमला (२०६७) नेपालको सांस्कृतिक पर्यटन. एमके पव्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं

Bhadauria, D. (2012). Max Weber: Theory of Religion. Research J. Humanities and Social Sciences. 3(1): Jan- March, 2012, 17-22.

Creswell, J.W. &Creswell, J.D. (2018) Research Design: Qualitative, Quantitative, and Mixed Methods Approaches. Sage, Los Angeles.

Jain, P. (2016-04-22). Dharma and Ecology of Hindu Communities: Sustenance and Susi tainability. Routledge. ISBN 978-1-317-15160-9.

Mason, L. (2018). Uncivil Agreement: How Politics Became Our Identity. Chicago, IL: University of Chicago Press. https://doi.org/10.7208/chicago/9780226524689.001.0001

Smith, D. (2016). Hinduism. In H. Kawanami, C. Partridge, & L. Woodhead (eds). Religions in the Modern World (3rd ed.). New York: Routledge.